सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड कर्मचारी सेवा शर्त विनियमावली, २०७५ (पहिलो संशोधन, २०८०)

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको प्रवन्धपत्रको दफा ५ (ल) ले दिएको अधिकार प्रयोग गरी सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको संचालक समितिले देहायको विनियमावली बनाएको छ:-

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस विनियमावलीको नाम "सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड कर्मचारी सेवा शर्त विनियमावली, २०७५" रहेको छ ।

(२) यो विनियमावली सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको संचालक समितिले तोकेको मितिदेखि लागू हुनेछ ।

२. <u>विनियमावलीको विनियम १४ मा संशोधन:-</u> सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड कर्मचारी सेवा शर्त विनियमावली, २०७५ (यसपछि "मूल विनियमावली" भनिएको) को विनियम १४ को उप विनियम (१) को सट्टा देहायको उप विनियम (१) राखिएको छ:-

" (१) सेवाको पदमा देहाय बमोजिम पूर्ति गरिनेछ:-

पत्र संख्या:-
च. नं.:-
नेपाल ।

| पद र तह | खुल्ला प्रतियोगिताद्वारा | बढुवाद्वारा | |
|---|---|---|---|
| | | कार्य क्षमताको मूल्यांकन | आन्तरिक प्रतियोगिता |
| (अ) अधिकृत स्तर तह ११ | - | १००% | - |
| (आ) अधिकृत स्तर तह १० | - | १००% | - |
| (इ) अधिकृत स्तर तह ९ | - | ८०% | २०% |
| (ई) अधिकृत स्तर तह ८ | १०% | ७०% | २०% |
| (उ) अधिकृत स्तर तह ७ | - | ८०% | २०% |
| (ऊ) अधिकृत स्तर तह ६ | ७०% | २०% | १०% |
| (ए) सहायक स्तर तह ५ | १००% | - | - |

"

३. <u>विनियमावलीको विनियम २५ को उप विनियम (३) थप:</u> मूल विनियमावलीको विनियम २५ को उप विनियम (२) पछि देहायको उप विनियम (३) थप गर्ने:- " (३) उप विनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा कार्यरत स्थायी कर्मचारीहरुलाई माथिल्लो पदको खुल्ला प्रतियोगिताको परीक्षामा सामेल हुन उमेरको हद सम्बन्धी व्यवस्था लागू हुने छैन।"